प्रभु इन्स्योरेन्स लिमिटेड

तीनकुने, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. १०८११
फोन नं. ०१-५१९९२२०/५१९९२२६
Email: info@prabhuinsurance.com,URL: www.prabhuinsurance.com

सूचनाको हक्को सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक्को सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको प्रभु इन्स्योरेन्स लिमिटेडको सूचना विवरण

(मिति:२०८३/०४/०१ देखी २०८३/०६/३१)

१. निकायको स्वरुप र प्रकृति: कम्पनी ऐन २०५३ बमोजिम २०५२ असार १८ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई कम्पनी पब्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भएको हो । मिति २०५३ साल श्रावण १ गते नेपाल बीमा प्राधिकरण (तत्कालिन बीमा समिति) बाट निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको प्रमाण प्राप्त गरी मिति २०५३ साल श्रावण १७ देखी निर्जीवन बीमा कारोबार सुरु गरिएको हो ।

(क) चुक्ता पुँजी : रु १,८४,८९,३९,०८४
(ख) कम्पनी दर्ता नं. : १८३ /०५१/०५२
(ग) मूल्य अीभवृद्धि कर दर्ता नं. : ५००१०५६३०

२. निकायको काम, कर्तव्य र अधिकार :

केन्द्रीय कार्यालय तीनकुने, काठमाडौमा भएको यस कम्पनीले देशको विभिन्न स्थानमा शाखा, उपशाखा सम्पर्क कार्यालयहरु तथा सेवा काउन्टर गरी जम्मा ५९ स्थानबाट कम्पनीको प्रवन्धपत्र र नियमावलीको अधिनमा रही आफ्नो काम, कर्तव्य र अधिकारहरु प्रयोग गरि निर्जीवन बीमा व्यवसाय संचालन गर्दै आएको छ ।

३. निकायमा रहने कर्मचारी संख्या तथा कार्य विवरण :

हाल यस कम्पनीमा स्थायी, अस्थायी र करार सेवामा समेत गरि २६८ जना कर्मचारी कार्यरत छन् । निजहरुको पद अनुसार कम्पनीको कर्मचारी सेवा शर्त विनियमावली, २०८१ तथा आर्थिक प्रशासन विनियमावली, २०८१ बमोजिम कार्य विभाजन गरिएको छ ।

४. निकायाबाट प्रदान गरिने सेवा : विभिन्न निर्जिवन बीमा सेवाहरू जस्तै सम्पत्ति बीमा, घर बीमा, सामद्रिक, मोटर, हवाई, इन्जनियरिङ्ग, विविध, कृषि तथा पशुपंक्षी बीमा र लघु बीमा लगायत सम्पूर्ण निर्जिवन बीमा बीमासेवा प्रदान गर्दे आएको छ ।

५. सेवा प्राप्त गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी : सेवा प्रदान गर्ने कम्पानीको शाखा तथा व्यवस्थापन समूह सम्बन्धमा कम्पानीको वेबसाइट www.prabhuinsurance.com मा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि : यस कम्पानीले गर्ने बीमाहरू नेपाल बीमा प्राधिकरणबाट जारी भएको निर्देशन बमोजिमको दररेटमा र दररेट नतोकिएको बीमाको हकमा प्रचलित दररेट कम्पानीमा रहेको जोखिमाङ्कन विभागले तोकिए बमोजिमको दररेट तथा पुनर्बीमकहरूबाट तोकिए बमोजिमको बीमाशुल्क । दाबीको हकमा सर्भेयरको प्रतिवेदन प्राप्त भएपछि वा आवश्यक कागजात प्राप्त भएको ३५ दिन भित्रमा भुक्तानी गरिने व्यवस्था छ ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी : कम्पानीको विभिन्न विनियमावलीहरूको अधिनमा रही संचालक समितिको निर्णय बमोजिम विषयवस्तुको प्रकृति हेरी शाखा प्रमुख, प्रदेश प्रमुख, विभागीय प्रमुख, प्रमुख कार्यकारी अधिकृत, विभिन्न उपसमितिहरू र संचालक समितिलाई निर्णय गर्ने अधिकार प्राप्त भए बमोजिम गर्ने गरिएको छ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी : उजुरीको प्रकृति अनुसार शाखा प्रमुख, प्रदेश प्रमुख, विभागीय प्रमुख, र प्रमुख कार्यकारी अधिकृत ।

९. सम्पादन गरेको कामको विवरण : बीमा ऐन २०७९ तथा बीमा नियमावली २०८१, तथा नेपाल बीमा प्राधिकरणको निर्देशन र परिपत्र बमोजिम निर्जिवन बीमा सेवाको सम्पूर्ण सेवाहरू कम्पानीले सम्पादन गरिरहेको छ ।

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम एवं पद : प्रमुख कार्यकारी अधिकृत : श्री सन्चित बज्राचार्य, सूचना अधिकृत : श्री देवेन्द्रमान कर्माचार्य, सहायक प्रबन्धक

११. ऐन, नियम, विनियम वा निर्देशिका को सूची : सम्पूर्ण ऐन, नियम र निर्देशनहरू यस कम्पानीले पालना गर्दै देहाय बमोजिम ऐन, नियम, विनियम र निर्देशिकाहरू निर्जिवन बीमा व्यवसायको लागि प्रमुख रहेका छन् ।

(क) कम्पनी ऐन २०६३ तथा कम्पनी नियमावली २०६३
(ख) बीमा ऐन, २०७९ तथा बीमा नियमावली, २०८१
(ग) धितोपत्र ऐन, २०६३ तथा धितोपत्र नियमावली २०६४, बोण्डफण्ड निर्देशिका २०७५
(घ) मुलुकी देवानी संहिता २०७४, मुलुकी अपराध संहिता २०७४, मुलुकी देवानी कार्यविधि संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४
(ङ) श्रम ऐन २०७४
(च) बोनस ऐन २०३०
(छ) आयकर ऐन २०५८, मू.अ.कर ऐन २०५२ तथा नियमावलीहरू

(ज) सम्पत्ति शुद्धीकरण-(मनिलाउनडरिङ) निवारण ऐन २०६४

(झ) बिमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८०

(ञ) नेपाल बीमा प्राधिकरणबाट जारी गरिएका सम्पूर्ण निर्देशनहरू तथा परिपत्रहरू

(ट) बीमा दावी भुक्तानी मार्गदर्शन २०८१, पुनर्बीमा निर्देशिका, २०८०, बिमकको सूचना प्रविधि मार्गदर्शन, २०७९ निर्जीवन तथा पुनर्बीमा व्यवसाय गर्ने बिमकको बीमाङ्कीय मूल्यांकन सम्बन्धी निर्देशिका, २०७६, कम्पानीको प्रवन्धपत्र तथा नियमावली, आर्थिक प्रशासन विनियमावली २०८१ र कर्मचारी सेवा नियमावली २०८१ आदि ।

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण : कम्पानीको आम्दानी, खर्च वित्तीय अध्यावधिक विवरण त्रैमासिक रूपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको छ साथै कम्पानीको वेबसाइट www.prabhuinsurance.com मा समेत उपलब्ध छ ।

१३. तोकिए बमोजिमको अन्य विवरण : नभएको ।

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण : बीमा अभिकर्ता तालिम, कर्मचारी तालिम, सम्पत्ति शुद्धीकरण तथा आतकंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अभिमुखीकरण तथा बीमा सचेतना सम्बन्धी तालिम संचालन गरिएको ।

१५. सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण : www.prabhuinsurance.com

१६. निकायले प्राप्त गरेको वैदेशिक सहयोग, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : नभएको ।

१७. सार्वजनिक निकायमा परेका सूचना यस सम्बन्धी निवेदन वा सो उपर सूचना दिइएको विवरण : नभएको ।

१८. निकायको सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण : कम्पानीको त्रैमासिक आर्थिक विवरणहरू वार्षिक साधारण सभा सम्बन्धी सूचना लगायत अन्य आवश्यक सूचनाहरू राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी कम्पानीको वेबसाइटमा समेत राखिने गरिएको छ ।

१९. अन्य : नभएको ।